# प्यूठान जिल्लाको २३ औ जिल्ला परिषद बैठकमा प्रस्तुत
# आ.ब. २०७३।०७४ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

यस गरिमामय २३ औं जिल्ला परिषद् बैठकको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री, परराष्ट्र र संघियमामिला तथा स्थानीय विकास मन्त्री श्री कमल थापाज्यू, विशिष्ट अतिथि माननीय सामान्य प्रशासन मन्त्रीज्यू,बिशेष अतिथि ब्यबस्थापिका संसदका मान्नीय सदस्यज्यूहरु, माननीय जिल्ला न्यायाधिशज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, निर्वतमान तथा पूर्व माननीय सांसदज्यूहरु, जिल्ला स्थित राजनैतिक दलका प्रमुखज्यूहरु, जिविसका निर्वतमान र पूर्व सभापति, उपसभापतिज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, कार्यालय प्रमुख ज्यूहरु, गाविस सचिवज्यूहरु, विकास साझेदारका प्रतिनिधिज्यूहरु, गैरसरकारी सस्था तथा नीजि क्षेत्रका प्रतिनिधिज्यूहरु, पत्रकार तथा संचारकर्मीज्यूहरु एवं मंचमा आसीन अतिथिगण, उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. प्यूठान जिल्लाको २३ औं जिल्ला परिषद बैठकको उद्घाटन समारोहमा पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, बिशेष अतिथिज्यूहरु, सम्पूर्ण अतिथिगणहरु, यस गरिमामय जिल्ला परिषद्को उद्घाटन सत्रमा उपस्थित महानुभावज्यूहरु लगायत प्यूठान वासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदी वहिनीहरुमा हार्दिक स्वागत अभिबादन व्यक्त गर्न चाहन्छु । यस अवसरमा प्रजातान्त्र तथा लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ विभिन्न आन्दोलनमा शाहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै पूर्व प्रधानमन्त्री सुशिल कोइराला तथा पूर्व आपुर्ति राज्यमन्त्री गिर बहादुर के.सी. ज्यूहरुको असामयिक निधन प्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

२. प्यूठानबासीको बृहत्तर हितलाई सर्वोपरी ठानी सिमित स्रोत र साधनलाई अधिकतम प्रयोग गर्दै प्यूठान जिल्लाको सर्वाङगिण र सन्तुलित विकास गर्ने मूल ध्येयका साथ जिल्ला विकासको मार्गचित्रका रुपमा रहने यस गरिमामय परिषद्मा जिल्ला विकास समितिको प्रमुखको हैसियतले यस जिल्लाको आगामी आ.व. २०७३।०७४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सहितको जिल्ला विकास योजना प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेकोछु ।

३. लामो समयको प्रतिक्षा पश्चात नेपाली जनताले संविधान सभाबाट निर्मित नेपालको नविन संविधान प्राप्त गरेको गौरवपूर्ण अवस्था छ । सो संविधान निर्माणमा प्रमुख भुमिका निर्वाह गर्नुहुने तत्कालीन संविधान सभाका सदस्यज्यूहरु एवं सो कार्यमा खटिएका सबै सरोकारवाला ज्यूहरुलाई यस अवसरमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नेपालको नविन संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको ब्यबस्था गरिएको छ जसमा स्थानीय निकाय विच समन्वय, सन्तुलित विकासका लागि अनुगमन, संघिय एवं प्रदेशका जिल्ला स्थित निकाय र स्थानीय निकाय विच समन्वय, प्रदेश कानूनले तोके बमोजिमका अन्य कार्य गर्ने गरी जिम्मेवारी निर्धारण गरिएको छ । तसर्थ अवको जिल्ला विकास समितिको संरचना र भूमिकामा परिवर्तन गर्नुपर्ने चुनौति देखा परेको छ । सो को लागि सबै पक्ष र निकायको सकारात्मक सोचको खाँचो छ ।

आदरणीय महानुभावज्यूहरु,

३. स्थानीय निकायमा निर्वाचीत जनप्रतिनिधिको रिक्तता भएको लामो समय भैसकेकोछ । जि.वि.स. तथा गा.वि.स.का हरेक गतिविधिहरु एवं विकास निर्माण तथा जनतासँग सरोकार राख्ने हरेक बिषयमा राजनैतिक दलहरुको समन्वय र सहयोगमा स्थानीय निकायको काम कारबाही हुँदै आएकोमा म यस क्षेत्रमा राजनैतिक दलहरुबाट भएको सहयोग तथा समन्वयको प्रशंसा गर्दै उहाँहरुको योगदानको उच्च सम्मान गर्दछु । आगामी दिनहरुमा पनि राजनैतिक दलहरु लगायत सबै बर्ग र क्षेत्रबाट निरन्तर सहयोगको अपेक्षा गरेकोछु ।

४. जिल्ला विकास योजना जिल्लाको सर्वाङगीण र सन्तुलित विकासका लागि जिल्ला भित्र उपलब्ध स्रोत र साधनलाई समुचित परिचालन गर्ने गरी तयार गरिएको दस्तावेज हो । यो दस्तावेजमा सरकारी निकाय, गैरसरकारी निकाय, नीजि क्षेत्र र राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्थाबाट संचालन गरिने विकास आयोजनाहरु समावेश गरिएका छन् । जिल्लामा प्राप्त श्रोत र साधनलाई जिल्लाको सन्तुलित एवं समावेशि विकासका लागि अधिकतम रुपमा ग्रामिण क्षेत्र र पिछडिएका जनताको वीचमा लैजाने प्रयास गरेको छु ।

**आदरणीय उपस्थित महानुभावज्यूहरु**

५. अब म गत आर्थिक बर्षमा यस जिल्लामा विकास निर्माणका कार्यहरु संचालन गर्दा आईपरेका प्रमुख समस्याहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु । प्रस्तुत समस्या समाधानको लागि यहाँहरुको सकारात्मक सुझाव, सल्लाह र सहयोगको लागि यस परिषद् मार्फत अनुरोध गर्दछु ।

- द्वन्दको समयमा क्षतिग्रस्त केही गाविस भवनको पुर्ननिर्माण हुन सकिरहेको छैन, केही गा.वि.स. सचिवहरुको पदपूर्ति पनि भएको छैन, गाविसमा पर्याप्त अन्य जनशक्तिको समेत समस्या छ ।
- विकास निर्माणको कार्य गर्दा जनसहभागिता जुटाउन अझै चुनौतिपूर्ण छ ।
- सडक निर्माण गर्दा प्रयोग गरिने हेभिमेसिनको प्रयोगबाट वातावरणीय क्षति न्यून हुने गरी कार्य सम्पादन गर्ने तर्फ समुदायलाई सचेत गराउन अझै सकिएको छैन ।
- संख्यात्मक र गुणात्मक जनशक्तिको कमीका कारण संचालित योजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकन कार्य प्रभावकारी बनाउन अझै चुनौतिपूर्ण छ ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पूर्वाधारजन्य कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्तिको कमिरहेको अवस्था छ ।
- कृषि, पशुसेवा, पर्यटन, घरेलु र वन क्षेत्रबाट संचालित आयआर्जनका कार्यक्रमबाट अपेक्षा अनरुप ब्यबसायिकरण हुन सकिरहेको छैन ।

- प्राकृतिक प्रकोप जस्ता विपत व्यबस्थापनमा तत्काल सम्बोधन गर्नका लागि स्थानीय निकाय तथा क्षेत्रगत कार्यालयहरुमा छुट्टै बजेटको व्यबस्थाको अभ्यास अझै हुन सकेको छैन ।
- शहरोन्मुख गाविसहरुमा भवन आचार संहिता र सडक मापदण्ड लागु गर्न चुनौतीपूर्ण छ ।
- स्थानीय निकायको निर्वाचन हाल सम्म पनि नहुदा प्रभावकारी कामकारबाहीमा समस्या देखा परेको छ ।
- आवधिक योजना र बार्षिक योजनाका बिचमा अपेक्षाकृत तालमेल हुन सकिरहेको छैन ।

६. जिल्ला विकास योजना निर्माण गर्दा नेपाल सरकारको त्रिबर्षिय योजना, प्यूठान जिल्लाको आवधिक जिल्ला विकास योजना, स्थानीय स्वायत्त शासन ऐन, नियमावली, नेपाल सरकारबाट कार्यक्रम तथा आयोजनाहरु संचालनको लागि जारी गरिएका रणनीति, नीति, निर्देशिका, मार्गदर्शन, बजेट सिलिङ्, बार्षिक समिक्षा गोष्ठिबाट आएका सुझाव, विकास साझेदार सँग गरिएका सम्झौताहरुको प्रमुख आधारमा आगामी आ.व. २०७३।०७४ को बार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गरेको छु ।

स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यविधि, २०६९ प्राप्त भएपछि सोही कार्यविधिका आधारमा गाँउ विकास समिति तथा जिविसका कार्यक्रमरु तय गरिएका छन् । योजना छनौट गर्दा वडा नागरिकमंचबाट आएका योजनालाई प्राथमिकता दिइएको छ । योजना तर्जुमा प्रकृयामा इलाका स्तरिय योजना तर्जुमा गोष्ठीलाई अझबढी प्रभावकारी बनाइएको छ भने सबै विषयगत समितिमा कार्यक्रम तथा योजना छनौट गर्दा इलाकाबाट छनौट भै आएका मागहरुलाई नै केन्द्रविन्दुमा राखि कार्यक्रम छनौट गर्ने प्रयास गरिएको छ । परिषद पछि पनि कार्यक्रमहरु संचालन गर्नुपर्दा इलाका स्तरिय मागहरुलाई मात्र योजना स्वीकृत गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइएको छ । जनताको स्वामित्वको अनुभूति र दिगोपनाको लागि समुदायको लागत सहभागितालाई प्रोत्साहन गर्ने गरी कार्यक्रम संचालन गर्ने नीतिलाइ समेत निरन्तरता दिइएको छ । क्षेत्रगत निकायले नेतृत्व लिने गरी क्षेत्रगत बजेट प्रस्ताव गरी श्रोत साधनमा दोहोरोपना हटाउने प्रयास गरिएको छ । पूर्व योजना तर्जुमा गोष्ठीबाट तय गरिएका जिल्लाका नीति तथा नेपाल सरकारका मार्गदर्शन, आबधिक जिल्ला विकास योजनाको लक्ष्य, उद्धेश्य, रणनीति तथा सूचकहरु सम्वोधन हुने गरी बार्षिक योजना निर्माण गरिएको छ ।

**आदरणीय महानुभावहरु,**

७. अब म आर्थिक बर्ष २०७१।०७२ मा जिल्ला विकास समितिले गरेका विकास निर्माणका कार्यहरुको संक्षिप्त प्रगति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

गत आ.व. २०७१।०७२ मा जिल्ला विकास समितिद्वारा संचालन गरिएका विभिन्न कार्यक्र, आयोजना र परियोजनाहरुबाट ५९.५ किमि सडक ग्राभेल, ५५ कि.मि. ग्रामीण सडकको स्तरोन्नती, ५६ कि.मि. सडकको नयाँ ट्र्याक निर्माण र २० वटा खानेपानी योजना सम्पन्न भएका छन यसै गरी ६ वटा झो.पु. निर्माण, १० कि.मि. विद्युत लाइन विस्तार भएको छ, आकासे पानी निर्माण घैटे कायक्रम बाट १२९ वटा घैटो निर्माण, १ वटा सडक पुल निमाण सम्पन्न भएको र ३ वटा पक्कि पुल निर्माणाधिन अवस्थामा रहेको, ३८ वटा पक्कि कुलो निर्माणाधिन अवस्थामा रहेको, सार्वजनिक सुनुवाइ २ पटक, सामाजिक परिक्षण १ पटक, १०९ जनालाई शिप मुलक तालिम, २०८ जनालाई चेतनामुलक कार्यक्रम साथै जिविसका कर्मचारी, गाविस सचिव तथा उपभोक्ताहरुको क्षमता विकासका क्रियाकलाप समेत सम्पन्न भएका छन । प्यूठान जिल्लाका ४२ वटै गाविस र नगपालिकामा समेत सामाजिक परिचालनको कार्य भएको, ४२ गा.वि.स. र जि.वि.स.को न्यूनतमशर्त तथा कार्य सम्पादन मापन, लेखा परिक्षण कार्यहरु सम्पन्न भएका छन् । सामाजिक सुरक्षा कार्यक्रमबाट प्यूठान जिल्लाका एकल महिला, जेष्ठ नागरिक, अपाङ्, दलित बालबालिका गरी २४ हजार ३ सय १० जनालाई रु. ११ करोड ४९ लाख ९२ हजार सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ भने आगमी आ.व. २०७३।०७४ का लागि कुल रु. १६ करोड ३७ लाख ८६ हजार विनियोजन प्रस्ताव गरेको छु ।

२०७१ सालमा २० हजार ७ सय ७६ जनाले व्यक्तिगत घटना दर्ता गरेका छन । गत बर्षसम्म प्यूठान जिविसको पेश्की १ करोड ७१ लाख ६९ हजार ९ सय ८ रहेकोमा सो पेश्की मध्ये ७२ प्रतिशत फछ्यौट भएको छ भने बेरुजु तर्फ २ करोड १७ लाख ९८ हजार मध्ये २८ प्रतिशत फछ्यौट भएको छ ।

गत आ.व.मा जि.वि.स. मार्फत संचालित विभिन्न कार्यक्रम तथा आयोजनाहरु र आन्तरिक श्रोत समेत चालु तथा पुजिगत गरी कुल विनियोजित बजेट रु. ५२ करोड ७६ लाख १४ हजार मध्ये ४४ करोड १५ लाख ४९ हजार खर्च भएकोछ । यो खर्च कुल विनियोजित बजेटको ८३.६८ प्रतिशत हुन आउदछ ।

जिल्लाको विकास कार्यमा संलग्न बिषयगत कार्यालयहरु, विकासका साझेदारहरु, गैरसरकारी संस्थाहरुले गत आ.व.मा भए गरेका कार्यहरुको प्रगति विवरण बार्षिक समिक्षा गोष्ठिमा प्रस्तुत एवं छलफल भई सार्वजनिक गरिएको व्यहोरा जानकारी गराउँदछु ।

**आदरणीय महानुभावज्यूहरु**

जिविस प्यूठानको आन्तरिक आय तर्फ आ.व. २०७१।०७२ मा यर्थाथ आन्तरिक आय कुल २ करोड ४६ लाख ३८ हजार ३ सय ६० भएकोमा अघिल्लो आवको तुलनामा ६६ प्रतिशतले बृद्धि भएको छ । आ.व. २०७२।०७३ को संशोधित आय १ करोड ४४ लाख ४२ हजार हुने अनुमान गरेको छु मालपोत रजिष्ट्रेशन तर्फ प्यूठान जिल्लामा नगरपालिका घोषणा भइ कार्यान्वयनमा आएको र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मालपोत रजिष्ट्रेशन बाडफाँड बाट प्राप्त हुने आय नगरपालिकामा जाने नीति अनुरुप अनुमान भन्दा कम आय हुने देखिएको छ । यस आर्थिक बर्षमा विद्युत रोयल्टी १ करोड १९ लाख अनुमान गरिएकोमा करिव २० लाख मात्र हाल सम्म प्राप्त भएकोले यस बर्ष आन्तरिक आम्दानीमा कमी आउने अवस्था रहेको छ । आगामी आ.व. २०७३।०७४ का लागि करहरुको दरमा सामान्य हेरफेर गरी कुल रु. २ करोड १० लाख ९३ हजार अनुमानीत आय प्रस्ताव गरेको छु जसमा आन्तरिक आय तफ ७४ लाख ९३ हजार, राजश्व बाडफाड (मालपोत रजिष्ट्रेशन) तर्फ ६६ लाख र विद्युत रोयल्टी तर्फ ७० लाख आय अनुमान गरेको छु ।

८. अव म प्यूठान जिल्ला विकास समितिबाट चालु आ.व. २०७२/७३ मा संचालन भैरहेका योजना र कार्यक्रमको संशोधित बजेट सहितको कार्यक्रम एवं आगामी आ.व. २०७३।०७४ को लागि प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

९. नेपाल सरकारले स्थानीय निकाय (गा.वि.स./न.पा. तथा जि.वि.स.) मा विगत बर्ष देखि न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्यांकन प्रणाली (MC/PM) लागु गरेको छ । MC/PM मा सफल भएका स्थानीय निकायलाई नेपाल सरकारबाट थप अनुदान उपलब्ध गराउने व्यवस्था भए अनुरुप प्यूठान जिल्ला विकास समितिको आ.व. २०७०।०७१ को MCPM मूल्यांकनमा ६६ अंक ल्याउन सफल भई १०% थप अनुदान र गाविसहरुको न्यूनतम शर्तमापनमा ४२ गाविस मध्ये ३० गाविस सफल भएकोमा राजनैतिक दल, कर्मचारी, उपभोक्ता समिति, गाविस लगायत सबैलाई धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

१०. यस जिल्लामा संचालित मुख्य सडकहरुलाइ बाह्रै महिना संचालन हुने गरी नियमित मर्मत, आवधिक मर्मत, र स्तरोन्नती गर्ने कार्यक्रम तय गरिएको छ। साथै जिल्ला यातायात गुरुयोजना / जिल्ला मुख्य सडक संजालका आधारमा छनौट गरीएका सडकहरु निर्माण, मर्मत गर्ने कार्यक्रम वनाई कर्यान्वियनमा गएको छ ।

यस जिल्लामा विश्व बैंकको आर्थिक सहयोगमा राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण परियोजना (SNRTP) अन्तरगत नियमित तथा आवधिक सडक मर्मत संचालन गर्न बाग्दुला-मच्छि-ठुलाबेसी सडक, बाग्दुला-बाहाने लाखाचौर सडक, खलंगा-चुँजाठाटी जोगिटारी सडक, चेरनेटा कैरन-पुरन्ठाटी जोगिटारी सडक, बिजुवार - जुम्रीकाडा - सुलिचौर सडक, दाखाक्वाडी-बर्जिवांग-सोत्रे -सारी सडक, कुमालटार-कोन्द्राचौर रातापानी-मुर्कुटी सडक र मच्छि-बागेफेदी- सौतामारे सडकहरुमा मर्मत गर्ने गरी कार्यक्रम तय गरिएको छ । यसै गरी सडक स्तरोन्नती तर्फ खलंगा-चुँजाठाटी जोगिटारी सडक, चेरनेटा कैरन-पुरन्ठाटी जोगिटारी सडक, बिजुवार - जुम्रीकाडा - सुलिचौर सडक, बाग्दुला-बाहाने लाखाचौर सडकका अंधेरी देखि अगाडीको भाग स्तरोन्नती गर्ने गरी कार्य अगाडी बढाइएको छ । हाल सम्म **DCRN** मा नजोडिएका २ गाविस रहेकाले उक्त गाविस जोडने सडक-धरमपानी कोचिवाङ र बाहाने खवाङ स्याउलिवाङ सडकलाइ विशेष महत्वका साथ गा.वि.स. सदरमुकाम सँग पुऱ्याउनका लागि कार्यक्रम प्रस्ताव गरिएको छ । यस आवमा ती सडकका लागि क्रमस रु. ४५ र १५ लाख विनियोजन भै कार्यारम्भ भएको छ ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत विकास कार्यक्रम अन्तरगत चालु बर्षमा ७ सडक र २ पुल समेत गरी ९ वटा योजना गाविस केन्द्र जोडने २ वटा सडक समेतका लागि जम्मा रु. १ करोड ४५ लाख संशोधित बजेट पेश गरेकोछु । जिल्ला विकास अनुदान तर्फ मुख्य ७ वटा सडकका लागि ४६ लाख ४६ हजार विनियोजन भई कार्य प्रारम्भ भएको ब्यहोरा अनुरोध छ । सडक बोर्ड तर्फ कुमालटार-कोचिवाङ र मच्छि ठुलावेशीको लागि रु. ३० लाख विनियोजन भई कार्य प्रारम्भ गरिएको छ । गत आ.व. देखि सडक डिभिजन कार्यालय मार्फत निर्माण कार्य शुरु भएको झिमरुक उपत्यका चक्रपथ, देविस्थान मुर्कुटी, बाहाने स्याउलिवांग र भिंग्री स्वर्गद्वारी सडकमा थप कार्य अगाडी बढि रहेको ब्यहोरा अनुरोध छ। साथै उक्त सडक र केही पुलहरु का लागि आगामी आ.व.का लागि समेत बजेट प्रस्ताव गरेको छु ।

नेपाल सरकारबाट गत आ.व. देखि विनियोजन भै आएको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कायक्रम अन्तरगत प्रत्येक निर्वाचन क्षेत्रका लागि प्राप्त हुने १.५/१.५ करोड बजेट बाट कार्यविधि अनुसार जिल्लाका महत्वपूर्ण सडकहरु, विद्यालयको पूर्वाधार विकास तथा खानेपानी क्षेत्र समेत गरी ३० वटा योजनामा श्रोत विनियोजन भै कार्यारम्भ भएको छ । यसले जिल्लामा अन्य श्रोतबाट सम्बोधन हुन नसकेका पूर्वाधार जन्य योजनाहरुमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा लिएको छु ।

११. यस जिल्लामा संचालित झोलुंगे पुल क्षेत्रगत विकास कार्यक्रम अन्तरगत गत आर्थिक बर्षमा शुरु गरिएका ६ वटा झो.पु. यस बर्ष सम्पन्न भएको छन आगामी आव.का लागि इलाका स्तरिय योजना तर्जुमा गोष्ठीबाट प्राथमिकता निर्धारण भै आएका ८ वटा झो.पु.को संभाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइने छ यसका लागि रु १ करोड ३३ लाख २३ हजार विनियोजन प्रस्ताव गरेको छु । एन टाइप तथा लामो तरिकाको झो.पु. तर्फ इलाकाबाट प्राथमिकिकरण भै आएका झो.पु.हरुको संभाव्यता अध्ययन गरी सस्पेन्सन ब्रीज डिभिजन, डोलिडारमा प्रस्ताव गरिने छ ।

गत आ.व. देखि निर्माण कार्य शुरु भएको विजुवार-खलंगा जोडने झिमरुक नदिमा पक्कि पुल, बाहाने-लुङको लुङखोलामा पुल र चुजा खोला पक्कि पुल यस आवमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बरौला-विजुली जोडने चुकाहामा पक्कि पुल सम्पन्न भैसकेको छ भने ढाड-तुषारा जोडने पक्कि पुल यस आवमा कार्य प्रारम्भ भै आगामी आवमा सम्पन्न गरिने लक्ष्य राखिएको छ । लब्धेखोला पक्कि पुल निर्माणका लागि यसै आ.व.मा विस्तृत सर्भेक्षण कार्य सम्पन्न गरीने छ । राष्ट्रिय ग्रामीण सडक सुद्दीकरण परियोजना SNRTP मार्फत आगामी आ.व.मा निर्माण कार्य शुरु हुने गरी लाखाचौर पक्कि पुल र मुलघाट पक्कि पुलको विस्तृत सर्भेक्षण कार्य सम्पन्न गरीने छ । पक्कि पुलहरुको स्तरोन्नती तथा निर्माण कार्यका लागि आगामी आ.व.मा रु. १ करोड १ लाख ३५ हजार बजेट प्रस्ताव गरेको छु ।

१२. प्यूठान जिल्लामा २०६९ चैत्र १६ गते खुल्ला दिशा मुक्त जिल्ला घोषण भै सकेको छ र जिल्लाको सरसफाइ सम्वन्धी रणनैतिक योजना अनुसार सन् २०१७ सम्ममा पूर्ण सरसफाई अभियान अन्तरगत आनिवानीमा सुधार गर्नका लागि विभिन्न कार्यक्रम शुरु गरिएको छ। जस अन्तरगत खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मार्फत खानेपानी सुविधा नपुग भएका समुदायका लागि लक्षित गरी जिल्लामा खानेपानीको सुविधा पुऱ्याउने अभियान अगाडी बढाइएका छ, पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजनाबाट जिल्लाको ८ गाविसमा खानेपानीको सुविधा पुऱ्याउने लक्ष्यका साथ चालु आ.व.मा १३ वटा खानेपानी योजनाहरु कार्यान्वयनमा गएको छ । यस आ.व. को लागि ग्रामीण खानेपानी तथा सरसफाई अन्तरगत यस आ.व.मा ६ वटा खानेपानी योजनाहरु क्रमागत योजनाका रुपमा कार्यान्वयनमा रहेका छन । यसै गरी सरसफाइ अन्तरगत जिविस, खानेपानी तथा सरसफाइ डिभिजन कायालय, विभिन्न विकास साझेदार तथा संघ, संस्थाहरुको समेत सक्रियतामा कार्यक्रम अगाडी बढाइएको ब्यहोरा अनुरोध छ । पूर्ण सरसफाई अभियान संचालन गर्ने क्रममा जिविस, खानेपानी डिभिजन लगायत संलग्न निकायहरु विच समन्वय गरी प्रत्येक गाविसमा नेतृत्व संस्था तोकि सोहि नेतृत्व संस्थाको समन्वयमा गाविसको पूर्ण सरसफाइ अभियानलाइ अगाडी बढाउने कार्यक्रम तय गरीएको छ । सन् २०१७ सम्म सम्पूर्ण नेपाली जनतालाई आधारभूत स्तरको खानेपानी सेवा सुविधा पुऱ्याउने नेपाल सरकारको नीतिलाई साकार पार्ने सन्दर्भमा यस जिल्लामा हाल सम्म पनि सुविधा नपुगेको समुदायलाई खानेपानी सुविधा पुऱ्याउने कुराको विस्तृत अध्ययन र खोजी गरी सन् २०१७ भित्र ती घरधुरीलाई आधारभूत खानेपानीको सेवा सुविधा पुऱ्याउन उच्च प्राथमिकता दिइने छ । नयाँ निर्माण हुने सबै खानेपानी आयोजनाहरूमा निजी धाराहरू जडान गर्ने अवधारणा अनुरुप कार्य अगाडी बढाइने नीतिलाइ निरन्तरता दिइने छ ।

जिल्ला विकास समिति मार्फत चालु आ.व.मा ५ करोड १९ लाख १७ हजार संशोधित बजेट विनियोजन गरेको छु र आगामी आ.व.का लागि खानेपानी तथा सरसफाई कार्यक्रमका लागि पश्चिम नेपाल ग्रामीण खानेपानी आयोजना तर्फको रु. ४ करोड २२ लाख २० हजार बजेट प्रस्ताव गरेको छु । साथै खानेपानी तथा सरसफाई कार्यका लागि जिविसको ग्रामीण खानेपानी तथा सरसफाई आयोजना, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गैर सरकारी संस्था, गाविस समेतको लगानी गर्ने गरी कार्यक्रम तथा बजेट व्यबस्था गरेको छु । यसरी आगामी बर्षमा समग्र खानेपानी तथा सरसफाईका क्षेत्रमा कुल १५ करोड ४४ लाख ३३ हजार बजेट प्रस्ताव गरेको छु ।

१३ सामुदायिक सिंचाइ आयोजना (CIP) अन्तरगत चालु आ.व.मा २२ वटा सामुदायिक सिंचाइ आयोजनाहरु सम्पन्न हुनेछन । आगामी आवमा थप ७ वटा सामुदायिक सिंचाइ आयोजनाहरु संचालन हुनेछन । यसको लागि चालु आ.व.मा ५ करोड ७२ लाख ५४ हजार र आगामी आ.व.मा ५ करोड २३ लाख ३३ हजार बजेट प्रस्ताव गरेको छु ।

साना सिंचाई तथा सामुदायिक पूर्वाधार विकास कार्यक्रम अन्तरगत ६ क्रमागत आयोजनाको लागि चालु आ.व.मा संचालित ३९ लाख ३६ हजार विनियोजन गरिएको छ । आगामी आ.व.का लागि यस कार्यक्रम तर्फ रु. १ करोड ९ लाख बजेट प्रस्ताव गरेको छु । जिल्ला कृषि विकास कार्यालयबाट संचालित साना सिंचाइ कार्यक्रम बाट आगामी आ.व.का लागि रु. ९० लाख प्रस्ताव गरिएको छ ।

जिल्लाको सिंचाइको क्षेत्रमा महत्वपूर्ण लगानी गर्दै आएको म.प.सिंचाइ विकास डिभिजन कार्यालयबाट लुङ्गी माडि सिंचाइ योजना सहित अन्य सिंचाइ योजना संचालनका लागि आगामी आर्थिक बर्षमा रु. ११ करोड ५३ लाख ७५ हजार, विभिन्न संघसंस्थाबाट सिंचाइ क्षेत्रको विकासका लागि १ करोड ४७ लाख ९२ हजार गरी सिंचाइ क्षेत्रको लागि आगामी बर्ष कुल १८ करोड २५ लाख बजेट प्रस्ताव गरेको छु ।

१४ पूनर्निर्माण तथा पुर्नस्थापना कार्यक्रम अन्तरगत विभिन्न १७ वटा कार्यक्रमका लागि चालु आ.व.मा १ करोड ३४ लाख तथा शान्तिका लागि विकास कार्यक्रम अन्तरगत विभिन्न १९ कार्यक्रमका लागि रु. २७ लाख ७० हजार बजेट विनियोजन भई कार्यान्वयनमा गएका छन । आगामी आ.व. ०७३।७४ का लागि पूनर्निर्माण तथा पुर्नस्थापना कार्यक्रम तर्फका योजना सम्पन्न गर्नका लागि ३ करोड प्रस्ताव गरेको छु । यसै गरी शान्तीको लागि विकास कार्यक्रमका लागि रु. ८० लाख विनियोजन प्रस्ताव गरेको छु ।

१५ विकासको मूल प्रबाहबाट पछाडि पारिएका लक्षित वर्गका लागि छुट्टाइएको रकमलाई वितरणमुखि नभई लगानीमुखि बनाउन प्रयास गरिनेछ । यी लक्षित वर्गको लागि विनियोजित बजेटबाट, शीपमूलक, चेतनामूलक, पूर्वाधारजन्य, वाल विकास केन्द्र, प्रा.वि. विद्यालय सहयोग, प्रजनन स्वास्थ्य, बाल क्लव, बाल संजाल गठन, ब्यबस्थापन र शसक्तिकरण, बाल सूचना केन्द्र स्थापना, हिंसा पीडित महिला तथा बालबालिकाको लागि सुरक्षित आवास गृह, प्रसुति गृह निर्माण, लोकसेवाको तयारी कक्षा संचालन, महिला सामुदायिक भवन निर्माणमा सहभागिता, अपांगहरुको क्षमता विकास, ऐन, नीति नियम सम्वन्धी अभीमूखिकरण जस्ता कार्यक्रम संचालन गरिने छन् । साथै लैगिक हिंसा विरुद्धको प्रतिवद्धतालाई कार्यान्वयन गर्ने दिशा तर्फ प्रयास गरिने छ, लैगिक उत्तरदायि वजेट मापन कार्य, ब्यक्तिगत घटनादर्ता अभियान, बाल बिबाह सम्वन्धी न्यूनिकरण कार्यक्रम, जेष्ठ नागरिक सम्मान तथा संरक्षण कार्यक्रम, आदिवासी जनजाती, दलित उपेक्षित, उत्पीडित सम्वन्धी चेतनामुलक कार्यक्रम संचालन गरी सशक्तिकरण गरिने छ ।

बालबालिकाको क्षेत्रमा सेभ द चिल्ड्रेनको सहयोग तथा सरोकारवाला निकायबाट बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन भएको छ । प्यूठान जिल्लाका ४२ वटै गाविस र नगरपालिकामा संचालित यस कार्यक्रमका लागि सेभ द चिल्ड्रेनको सन् २०१६ मा रु. ३० लाख जिविसबाट ३० लाख ६९ हजार बजेट प्रस्ताव गरिएको छ । सन् २०२० सम्म प्यूठान जिल्लालाई बालमैत्री जिल्ला घोषणा गर्ने प्रतिबद्धता अनुरुप भिंग्री गाविसलाई यसै आव भित्र बाल मैत्री गाविस घोषणा गर्ने गरी कार्यक्रम तय गरेको छु । सेभ द चिल्ड्रेन बाट बालबालिकाको क्षेत्रमा कालिका विकास केन्द्र बाट २२ गाविसमा कार्यक्रम संचालन भैरहेको छ । साथै शिक्षा, स्वास्थ्य, जिल्ला बालकल्याण समिति र घरेलु तथा साना उद्योग विकास समिति मार्फत पनि सेभ द चिल्ड्रेनको सहयोगमा कार्यक्रम संचालन भएकोमा आगामी आ.व.मा पनि यस कार्यक्रमले निरन्तरता पाउने छ ।

चालु आ.व.मा. जिविसबाट बिपन्न महिलाको लागी रु. १३ लाख ६९ हजार, बालबालीकाको लागि १६ लाख ६९ हजार, दलित वर्गको लागि रु. ७ लाख ४२ हजार, आदीवासी जनजातीको लागी १० लाख ७० हजार र अपांगको लागि ३ लाख जेष्ठ नागरिक तथा मुस्लिम समुदायका लागि १/१ लाख बजेट विनियोजन गरिएको छ । आगामी बर्षको लागि लक्षित विकास कार्यक्रम अन्तरगत जिविस अनुदान बाट महिलाको लागी रु १२ लाख ८४ हजार, बालबालिकाको लागी रु. २० लाख र आदीवासी जनजाती, दलितबर्ग, अपांगहरु, जेष्ठ नागरिक, मुस्लिम समुदाय समेतको लागी १९ लाख ३६ हजार, महिला तथा वालवालिका कार्यालय मार्फत रु. ३ करोड ९० लाख ९८ हजार, विभिन्न संघ संस्थाहरु बाट रु १ करोड १५ लाख १ हजार गरी लक्षित वर्गको क्षेत्रमा आगामि बर्षका लागि रु. ५ करोड ५ लाख ९९ हजार बजेट प्रस्ताव गरेको छु । लक्षित वर्गको क्षेत्रमा गरिएको लगानीबाट महिला शसक्तिकरण, बालबालिकाको संरक्षण, लक्षित बर्गको सहभागितामा बृद्धि, नेतृत्व विकास, मातृत्व सेवा र पोषणको अवस्थामा सुधार हुने अपेक्षा गरिएको छ ।

१६ सबै बालबालिकालाई आधारभुत शिक्षामा पहुँच सुनिश्चित गर्दै शिक्षण सिकाइमा जोड दिइ शैक्षिक गुणस्तर अभिबृद्धि गरिने छ । माध्यमिक तहमा सबै विद्यार्थिको पहुँच विस्तार गरी प्रविधि संग जोडने प्रयास गरिने छ । विद्यालयलाई शान्ती क्षेत्र बनाउदै विद्यालयको भौतिक सुविधा विस्तार, विद्यालयमा स्वास्थ्य, सरसफाई तथा पोषण, क्षमता विकास, अभिभावक सचेतनामा बृद्धि, सरोकारवालाको दक्षता विकास, निरन्तर विद्यार्थी मुल्यांकन तथा शैक्षिक ब्यबस्थापनलाई सुशासनमैत्री तुल्याइने छ ।

गत बर्ष प्यूठान जिल्लालाई साक्षर जिल्लाको रुपमा घोषणा गरिसकिएको छ । यस आ.व. देखि साक्षरोत्तर कक्षा संचालन गरिएको छ । शिक्षा क्षेत्रको विकासको लागि जिविसबाट प्यूठानका विभिन्न ५ वटा क्याम्पसहरुको पूर्वाधार निर्माणका लागि पहिलो प्राथमिकता दिई बजेट विनियोजन गर्ने कार्य प्रारम्भ भैसकेको छ । आगामी बर्ष जिविसको शिक्षा विकास कोषबाट रु. ९० लाख को बजेट शिक्षा क्षेत्रमा लगानी गर्ने प्रयास गरिएको छ। शिक्षा कार्यालय सहित जिविस र विकास साझेदार समेतबाट गरी आगामी आ.व.मा शिक्षा क्षेत्रको विकासको लागि कुल रु. ४५ करोड ५७ लाख १५ हजार बजेट प्रस्ताव गरेको छु ।

१७ सबै स्वास्थ्य संस्थालाई धुम्रपान र मद्यपान रहित क्षेत्र बनाइनेछ । यसै आ.व.मा प्यूठान जिल्लालाई पुर्ण खोपयुक्त सुनिश्चित भएको जिल्ला घोषणा गरिसकिएको छ र यसलाई दिगो र निरन्तरता दिनका लागि जनशक्ति परिचालन, सामाग्रीको ब्यवस्थापन, सामाजिक परिचालन, चेतनामुलक कार्यक्रम संचालन गर्ने कार्यक्रम राखिएको छ । गर्भवति महिलाका लागि स्वास्थ्य संस्थामा पहुंच बृद्धि गरिने छ । एकिकृत जनस्वास्थ्य अभियानमार्फत दूर्गम, पिछडिएको क्षेत्र, बस्तीमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न अभियान संचालन गरिने छ । स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न पायक नपर्ने क्षेत्रका जनतालाई गाउँघर क्लिनिक मार्फत सेवा उपलब्ध गराउन त्यस्ता गाउँघर क्लिनिकको समुचित ब्यवस्थापनमा जोड दिइने छ। स्वास्थ्य संस्थाबाट सेवा लिन धेरै जनतालाई पायक पर्ने क्षेत्रमा सामूदायिक स्वास्थ्य इकाइ स्थापना गर्ने अभियान स्वरुप हाल सम्म ५ स्थानमा सामुदायिक स्वास्थ्य इकाइ स्थापना भै सकेको र अन्य माग भएका क्षेत्रहरुमा स्थापनाका लागि पहल गरिने छ । जिल्लामा विद्यमान वालविवाहको समस्या कम गर्न किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गरिने छ । सेभ द चिल्ड्रेन, युएनएफपिए, हेल्थ फर लाइफ मार्फत बाल तथा परिवार स्वास्थ्य कार्यक्रम मार्फत स्वास्थ्य क्षेत्रमा पुरयाउदै आएको योगदानले निरन्तरता पाउने छ । USAID को सहयोगमा पोषण कार्यक्रमलाई सहयोग गर्ने गरी सुहारा कार्यक्रम संचालन भै रहेकोमा आगामी बर्षमा पनि सो कार्यक्रमले निरन्तरता पाउने छ ।

स्वास्थ्य क्षेत्रको विकासको लागि आगामी आ.व.मा स्वास्थ्य कार्यलयबाट रु. १६ करोड ६९ लाख ८६ हजार, आर्यूवेद स्वास्थ्य केन्द्रबाट रु १ करोड १२ लाख ६४ हजार, विभिन्न संघ संस्थाबाट रु २ करोड ८८ लाख ७५ हजार प्रस्ताव गरिएको छ, यसरी स्वास्थ्य क्षेत्रको विकासमा आगामी आ.व.को लागि जम्मा रु. २० करोड ७१ लाख २५ हजार प्रस्ताव गरिएको छ । साथै प्यूठान जिल्ला अस्पतालको स्तरोन्नती गरी ५० सैया बनाउन नेपाल सरकारबाट स्वीकृत भै सकेकोमा त्यसको कार्यान्वयनका लागि विशेष प्रयासका लागि प्रस्ताव गरेको छु ।

१८ जिल्लाको आवधिक योजनामा प्रमुख प्राथमिकताहरु मध्येमा रहेको कृषि क्षेत्रको विकासलाई केन्द्र विन्दुमा राखि कृषि पेशालाई मर्यादित, ब्यबसायिक र आयमुलक वनाउन र युवा जनशक्तिलाई कृषि पेशा तर्फ आकर्षित गर्नका लागि विभिन्न सरोकारवाला निकायहरुसंगको साझेदारी, सहकार्य र समन्वयमा कृषिका विभिन्न विधामा ब्यवसायिक कार्यक्रमहरु संचालन गरिएको छ । ति कार्यक्रमहरुलाई आगामी बर्षमा पनि निरन्तरता दिइने छ । साथै थप कार्यक्रमहरुका लागि समेत बजेट प्रस्ताव गरेको छु । पशुसेवा तर्फ ब्यबसायिक बाख्रापालन, पशु पालन लगायत कार्यक्रमहरु संचालन गरिनुका साथै समुदायहरुलाई उक्त कायक्रममा थप शसक्त गराउन समूह अनुदान कार्यक्रमलाइ जोड दिइने छ ।

कृषि, पशुसेवा, गरीवि निवारण कोष, हेफर इनटरनेशनल, वन कार्यालय, बहुसरोकारवाल वन आदी कार्यक्रमहरुले विगत बर्षदेखि यस क्षेत्रमा महत्वपूर्ण लगानी गर्दै आएका छन । आवधिक योजनाको प्रमुख लक्ष्य उच्च मूल्य वाली उत्पादन तर्फ केन्द्रित भएकोले सबै स्थानीय निकायबाट कृषि र सहकारी क्षेत्रको विकासका लागि बजेट ब्यबस्था मिलाइएकोछ ।

यसरी कृषि क्षेत्रको विकासका लागि कृषि कार्यालय मार्फत आगामी आ.व.मा रु. १४ करोड ५ लाख २४ हजार, विकास साझेदार निकायबाट रु. ६ करोड ४९ लाख ९० हजार विनियोजन प्रस्ताव गरिएको छ । साथै पशु सेवा कार्यालयको आगामी आ.व.का लागि रु. ५ करोड ७९ लाख ८८ हजार, गरी कृषि क्षेत्रको कुल जम्मा २७ करोड ५ लाख ४ हजार विनियोजन प्रस्ताव गरेको छु ।

१९ घरेलु तथा साना उद्योग तर्फ माग र आवश्यकताका आधारमा स्वरोजगारमूलक ब्यबसाय संचालन सम्वन्धी तालिम कार्यक्रमलाई प्राथमिकता दिइएको छ । लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय स्तरमा श्रोत साधनको परिचालन तथा शीप विकास मार्फत साना उद्यमीहरु तयार गरी स्वरोजगार श्रृजना गर्ने तर्फ केन्द्रित गरिने छ । यस क्षेत्रमा कार्य गर्ने जिविस, सरकारी कार्यालय, विकास साझेदार, संघ संस्थाहरुको समेत आगामी बर्षका लागि रु. ३ करोड ७६ लाख २३ हजार बजेट प्रस्ताव गरेको छु ।

२० दिगो विकासको अवधारणा अनुसार पूर्वाधार विकासको साथसाथै समाजमा पछाडि परेका बर्गको शसक्तिकरण गर्दै सामाजिक परिचालनको माध्यमबाट गरीवि न्यूनिकरण गर्ने उद्देश्यले प्यूठान जिल्लाका ४२ वटै गाविस र नगरपालिकामा सामाजिक परिचालनका कार्य भैरहेको छ । सामाजिक सुरक्षा कार्यक्रमलाई थप ब्यबस्थीत गर्न सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ब्यक्तिहरुको विवरण अद्यावधिक गरी वेब साइट मार्फत सार्वजनिक गरिनेछ । ब्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गरी सेवा प्रवाह संग आवद्ध गरिने छ । सामाजिक परिचालनको क्षेत्रमा आगामी बर्षका लागि रु. ४ करोड १५ लाख ४ हजार प्रस्ताव गरेको छु र सामाजिक सुरक्षा भत्ता वितरण गर्न १६ करोड ३७ लाख ८५ हजार बजेट प्रस्ताव गरेको छु ।

२१ वन ब्यबस्थापन, बातावरण संरक्षण तथा जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनिकरण वन क्षेत्रका मुख्य कार्यक्रमहरु हुन । यस जिल्लामा रहेका सरकारी बन, सामुदायिक वन, कबुलियति बन, संरक्षित बन, नीजि बन र स्वर्गद्वारी आश्रमको वन क्षेत्रको विकासका लागि दिगो एवं बैज्ञानिक वन ब्यबस्थापन, वन समूह गठन तथा वन हस्तान्तरण, प्यूठान जिल्लामा पाइने मुख्य जडिबुटि तथा गैह्रकाष्ठ वन पैदावारहरुको खेति ब्यबस्थापन, वजारिकरण, उद्यम स्थापना जस्ता कार्यक्रमहरु संचालन गर्न बजेट प्रस्ताव गरेको छु । यस जिल्लामा प्रशस्त मात्रामा जडिबुटिहरु पाइने हुदा बहुमुल्य जडिबुटिको पहिचान तथा प्राथमिकिकरण गरी खेति विस्तारमा जोड दिइने छ। प्यूठान जिल्लाको पहिचान दिने बहुमुल्य प्रजाति सेतो चन्दन (श्रीखण्ड) लाई अझ ब्यापक रुपमा विस्तार गरी पकेट क्षेत्रका रुपमा विकास गरिने छ । जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम न्यूनिकरण गर्न प्रत्येक गाविस स्तरमा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम संचालन गर्न पहल गरिने छ । वन तथा वातावरण क्षेत्रको विकासका लागि तयार गरिएको जिल्ला वन क्षेत्र गुरुयोजना कार्यान्वयनमा ल्याइने छ ।

प्यूठान जिल्लाको उत्तरी क्षेत्रका ९ वटा गाविसमा पर्ने गौमुखि संरक्षित वन कार्यक्रम कार्यान्वयनका लागि वजेट विनियोजन गरेको छु । जिल्ला वन क्षेत्र समन्वय समितिलाई अझ बढी सक्रिय वनाइने छ । भू-संरक्षण तर्फ भु-उपयोग विकास, प्राकृतिक प्रकोप रोकथाम, पुर्बाधार संरक्षण, उत्पादकत्व संरक्षण, सामुदायिक भू-संरक्षण, जलाधार संरक्षण जस्ता कार्यक्रम संचालन गरिने छ । यसका साथै जिविसबाट वाताबरण संरक्षण एवं बायोईन्जिनियरिङका क्षेत्रमा समेत वजेट प्रस्ताव गरिएको छ यसरी वन, वातावरण तथा भु-संरक्षण तर्फ आगामी आ.व.का लागि कुल ७ करोड ५८ लाख ९६ हजार बजेट प्रस्ताव गरेको छु ।

२२ संयुक्त राष्ट्र जनसंख्या कोषले चालु आ.व. तथा आगामी बर्षमा पनि जनसंख्या ब्यबस्थापन, प्रजनन स्वास्थ्य अन्तरगत किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सुद्दृढिकरणलाई प्राथमिकता दिने, लैगीक हिंसा न्यूनिकरणका लागि पुरुषको सहभागितामा जोड दिने, विकासको मुल

प्रवाहमा युवाहरुको परिचालन गर्ने जस्ता कार्यक्रमलाई सहयोग पुऱ्याइने छ । यस कार्यक्रम अन्तरगत आगामी बर्षका लागि रु. ८० लाख बजेट प्रस्ताव गरेको छु ।

२३ नेपाल विद्युत प्राधिकरण र बुटवल पावर कम्पनीबाट विद्युत वितरण तथा प्रशारण कार्यका लागि रु ६ करोड २८ लाख बजेट प्रस्ताव गरिएको छ । विद्युतिकरणका लागि जिविसबाट समेत रु. १० लाख बजेट प्रस्ताव गरेको छु ।

उर्जा, वातावरण तथा जलवायु परिवर्तन शाखा र अन्य संस्थाहरुको साझेदारीमा बैकल्पीक उर्जा क्षेत्रको कार्यक्रम संचालन गरिने छ । केही गाविसलाइ भान्सा भित्रको धुवारहित गाविस घोषणा गरिसकिएको, बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रको सहयोग र विभिन्न निकायहरुको साझेदारीमा गत आ.व.मा २० गाविस बाट शुरु भएकोमा यस आववबाट सबै गाविस र नपामा उक्त कार्यक्रम संचालन गरीएको छ । बैकल्पीक उर्जा मार्फत सोलार प्यानल वितरण, सुधारिएको चुलो लघु-जलविद्युत योजना, वायोग्यास आदि कार्यक्रम संचालन गर्न जिविसिले समन्वयकारी भूमिका निर्वाह गर्ने छ ।जलवायु परिवर्तन, बातावरणमैत्री स्थानीय शासन, विपत ब्यबस्थापन, बायोइन्जिनियरिंग जस्ता कार्यक्रमहरु यसै आर्थिक बर्षबाट शुरु गरिएको र आगामी बर्षमा पनि निरन्तरता दिइने छ । वैकल्पीक उर्जा क्षेत्रको लागि आगामी वर्षको लागि कुल रु. ६ करोड २७ लाख ८२ हजार बजेट प्रस्ताव गरेको छु ।

२४ आवधिक योजनाको प्रमुख उद्देश्यका रुपमा रहेको पर्यटन क्षेत्रको विकासका लक्ष्यलाई पुरा गर्न प्यूठान जिल्लाको धार्मिक एवं पर्यटकिय क्षेत्र स्वर्गद्वारीको सिढि निर्माण, भिंग्री-स्वर्गद्वारी सडकको स्तरोन्नती, स्वर्गद्वारी धर्मशाला, भ्यूटावर निर्माण, होमस्टेको ब्यबस्थापन, पर्यटन प्रबर्द्धन लगाएत पर्यटन क्षेत्रको विकासका लागि कार्यहरु भैरहेका छन । यस कार्यक्रमका लागि आगामी आ.व.का लागि रु. १ करोड ४३ लाख बजेट विनियोजन प्रस्ताव गरेको छु ।

२५ गाविसबाट हुने विकासका गतिविधिहरुलाई आवधिक योजनाको उद्देश्य र स्थानीय आवश्यकता तर्फ परिलक्षित गर्न आवधिक गाँउ विकास योजना तयार गर्न गाविसलाई प्रोत्साहित गरिने छ । गाविसको लेखा प्रणालीलाई ब्यबस्थीत गर्न लेखा सम्वन्धी सफ्टवेर प्रणाली क्रमसः लागु गरिने छ । निश्चित सूचकको तयार गरी कार्यसम्पादन मूल्यांकनका आधारमा राम्रो काम गर्ने गाविसलाई पुरस्कृत गर्ने ब्यबस्था लाई निरन्तरता दिइनेछ ।

२६ कार्यालयहरुले प्रवाह गरेको सेवाप्रबाहलाई जवाफदेहि, उत्तरदायि र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, तथ्यांक अद्यावधिक र विकास गतिविधिहरुको प्रकाशन तथा प्रशारण, वेबसाइट मार्फत सार्वजनिकरण गर्दै DPMAS र Webbased रिर्पोटिङलाई केन्द्रीय संजालमा आबद्ध गरिने छ । जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता तथा समुदायहरुको क्षमता विकासका लागि क्षमता बिकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

२७ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले जिल्लामा संचालन गरिने कार्यक्रम र कार्यक्षेत्र छनौट गरी दातृनिकायमा प्रस्ताव गर्नुपूर्व जिविसको स्वीकृत लिनुपर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपूर्व सहभागितात्मक योजना तर्जुमा प्रकृया मार्फत जिल्ला परिषदबाट कार्यक्रम पारित गराउने तथा समिक्षा गोष्ठीहरुमा अनिवार्य रुपमा प्रगति प्रतिवेदनहरु पेश गर्नु पर्ने स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीको ब्यबस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२८ जिल्ला विकास समिति मार्फत विगत वर्ष देखि विभिन्न संघ, संस्था, निकायलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइएको छ । राजश्व बाँडफाँडबाट जि.वि.स. लाई प्राप्त हुने रकम सोहि क्षेत्रमा समेत खर्च गर्ने ब्यबस्था गरिएकोछ । जि.वि.स.को आन्तरिक श्रोतलाई अभिबृद्धि गर्न करका क्षेत्रहरु पहिचान गरी कर लगाउने कार्यलाई निरन्तरता दिइएकोछ । दातृ संस्था सँग भएको सम्झौता/समझदारी बमोजिम सम्पुरक कोषको लागि बजेट विनियोजन गरिएकोछ । यसका साथै जि.वि.स.को श्रोतले भ्याए सम्म सडक मर्मत, युवा तथा खेलकूद विकास, पत्रकारिता, विद्युतिय संचार माध्यम, बातावरण एवं दैवीप्रकोप, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, घुम्ती शिविर, शहिद परिवार राहात कार्यक्रम, द्वन्दपिडत परिवारका लागी कार्यक्रम, एचआइभि एडसबाट पिडित परिवारका लागि सहयोग लगायतका कार्यक्रमहरुका लागि बजेट प्रस्ताव गरिएकोछ । साथैं नेपाल सरकारको नीति अनुसार गाविस तथा नगरपालिकाहरुमा सावजनिक पार्क, एक गाँउ एक नर्सरी, एक गाउ एक पोखरी, एक गाउ एक उत्पादन, एक गाविस एक खुल्ला क्षेत्र जस्ता कार्यक्रमहरु संचालन गर्ने ब्यबस्था मिलाइने छ । जिल्लामा संचालित विकास निर्माणका कार्यहरुको प्रभावकारीतालाई बृद्धि गर्न अनुगमन तथा मूल्यांकन कार्यलाई सशक्त गरिने छ ।

उपस्थित महानुभावहरु,

२९ आगामी आ.व.का लागि क्षेत्रगत रुपमा प्रस्तावित बजेटको विवरण माथि बुदागत रुपमा उल्लेख भै सकेकोले अब म आगामी आर्थिक बर्षको जिल्लाको समष्टिगत कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु। माथी उल्लेखित बिभिन्न क्षेत्रगत कार्यक्रमहरुका लागी आ.ब. २०७३।०७४ मा पुँजीगत र संचालन अनुदान समेत गरी देहाय अनुसारको बजेट प्रस्ताव गरेकोछु ।

यस प्रकार पुर्वाधार विकास तथा संरचना विकास समिति अन्तरगत पुजिगत तर्फ १ अर्व ८९ लाख ४४ हजार मध्ये चालु तर्फ २६ करोड ७३ लाख ३४ हजार तथा गैससको २ करोड १७ लाख २९ हजार गरी जम्मा १ अरब ३७ करोड ८४ लाख ९४ हजार यो कुल बजेटको ५०.२७% रहेको छ । कषि वन तथा वातावरण अन्तरगत पुजिगत तर्फ २७ करोड ५ लाख २६ हजार, चालु तर्फ ३ करोड ८९ लाख ३० हजार तथा गैससको ६ करोड ७५ लाख ६७ हजार गरी जम्मा ३७ करोड ७० लाख हजार २३ हजार यो कुल बजेटको १३.७६% रहेको छ । जलश्रोत तथा भूमी समिति अन्तरगत २६ करोड ५६ लाख ७५ हजार तथा गैससको १ लाख ४७ लाख ९२ हजार गरी जम्मा २८ करोड ४ लाख ६७ हजार यो कुल बजेटको १०.२२% रहेको छ। जनसंख्या तथा सामाजिक समिति अन्तरगत पुजिगत तर्फ ३० करोड ८७ लाख १० हजार चालु तर्फ ३० करोड ४६ लाख ८० हजार तथा गैससको ९ करोड करोड २५ लाख ४९ हजार गरी जम्मा ७० करोड ५९ लाख ४० हजार यो कुल बजेटको २५.७५% रहेको छ ।

यसरी जिल्लाको आगामी आर्थिक बर्षको लागी कुल बजेट रु. २ अर्ब ७४ करोड १९ लाख २५ हजार मध्ये पुँजिगत तर्फ रु. १ अरब ९३ करोड ४३ लाख ५२ हजार (यो कुल बजेटको ७०.५४ प्रतिशत रहेको छ) र चालु तर्फ रु. ६१ करोड ९ लाख ३४ हजार (यो कुल बजेटको २२.२८ प्रतिशत रहेको छ) र गैसस तर्फको कुल ९ करोड २५ लाख ४९ हजार (यो कुल बजेटको ७.१७ प्रतिशत रहेको छ)

को अनुमानित बजेट तथा सोही अनुरुपको कार्यक्रम प्रस्तुत गरेको छु । यस आय-व्यय र योजनाको विस्तृत विवरण जिल्ला विकास योजनामा संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु ।

मैले माथि उल्लेख गरेका विकास आयोजनाहरु जिल्लाको विकासमा प्रत्यक्ष प्रभाव पार्ने क्षेत्र भए पनि यसका अलावा अन्य विकासका क्षेत्रहरुमा प्रस्ताव गरिएको विस्तृत विवरण जिल्ला विकास योजना पुस्तिकामा समावेश गरेको छु ।

३३ प्यूठान जिल्लाको बिकासमा कोशेढुंगा सावित हुने यस गरिमामय जिल्ला परिषद् बैठकमा पेश भएका बजेट नीति र कार्यक्रमहरुको साझा दस्तावेजमा प्रमुख अतिथिज्यू, विशेष अतिथि ज्यूहरु, अतिथिज्यहरु, राजनैतिक दलका प्रमुखज्यूहरु, आमन्त्रित अतिथि ज्यूहरुबाट अमूल्य सुझाव प्राप्त हुने विश्वास गरेकोछु । प्रस्तुत जिल्ला बिकास योजनाहरुलाई कार्यान्वयन गर्ने सिलसिलामा सदा झैं सम्पूर्ण जिल्लाबासीहरु, राजनैतिकदलहरु, सरकारी कार्यालय, गैरसरकारी संस्थाहरु, विकासका साझेदार, निजि क्षेत्र, उपभोक्ताहरु, नागरिक समाज एवं बुद्धिजिबीहरुबाट सल्लाह सुझाव र सहयोग प्राप्त हुने आशा गरेको छु । प्यूठान जिल्लाको समष्टिगत विकासको लागी प्राप्त हुने महत्वपूर्ण र रचनात्मक सुझावहरुलाई अधिकतम सम्बोधन गर्ने प्रयास गरिने प्रतिबद्धता समेत व्यक्त गर्दछु । जिल्लाको समग्र विकास निर्माणमा सहयोग गर्ने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, विकास साझेदार, सरकारी निकाय तथा गैसस प्रति हार्दिक आभार तथा धन्यबाद ब्यक्त गर्दै आगामी दिनमा निरन्तर सहयोगको अपेक्षा समेत गरेको छु ।

३४ आजको यस गरिमामय परिषद्को बैठकमा सहभागि भइ जिल्लाको विकासमा उत्प्रेरित गर्नुहुने प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यूहरु लगायत सम्पूर्ण अतिथि ज्यूहरुलाइ म जिल्ला विकास समितिको तर्फबाट विशेष आभार व्यक्त गर्दछु । अन्त्यमा यो जिल्ला विकास योजना निर्माणको क्रममा सहयोग पुऱ्याउने सम्पूर्ण राजनैतिक दलका प्रमुखज्यूहरु, जि.वि.स.का कर्मचारीहरु, विषयगत कायालयहरु, संघ संस्थाहरुलाई धन्यवाद दिदै प्रस्तुत योजनाको सफल कार्यान्वयनको लागि सवै पक्षको सहयोग प्राप्त हुने विश्वासका साथ विदा हुन चाहन्छु धन्यवाद ।

१६ फाल्गुण २०७२

..............................

शिव प्रसाद रेग्मी

स्थानीय विकास अधिकारी